आज मिति २०७८।०६।२२ गते शुक्रवारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७२ औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | रामकृष्ण बराइली | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-८ | |
| ४ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ५ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ६ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ७ | गोबिन्द प्रसाद पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ८ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| ९ | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| १० | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| ११ | बेल बहादुर चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १२ | लोक बहादुर पुन | कार्यबाहक वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १३ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १४ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | छविलाल सुवेदी | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | मिन वहादुर वानियाँ | लेखा अधिकृत | |
| २ | विमल रन्जन कार्की | ईन्जिनियर | |
| ३ | प्रकाश सुवेदी | अधिकृत छैठौ | |
| ४ | लिला कु. गौतम | स्वास्थ्य शाखा प्रमुख | |
| ५ | कुलचन्द्र शर्मा | रोजगार संयोजक | |
| ६ | दिपक शर्मा | सहायक चौथो | |
| ७ | प्रमिता देवी धर्ती | कार्यालय सहयोगी | |

# ७२ औं नगर कार्यपालिका बैठकका निर्णयहरु

मिति:२०७८/०६/२२ गते शुक्रवार

**निर्णय नं. १:** मिति २०७८/०६/०७ गते बसेको ७१ औं नगर कार्यपालिकाका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं. २:** आउँदै गरेको नेपालीहरुको महान पर्वहरु विजयादशमी, दिपावली र छठ पर्वको शुभ अवसरमा शुभकामना आदान प्रदान गरियो ।

**निर्णय नं. ३:** बेनी नगरपालिकाको नगर आवधिक बिकास योजनाको अन्तिम प्रतिवेदन माथि छलफल गरि सो योजनालाई स्वीकृत गरि अन्तिम बिल भुक्तानी गर्ने निर्णय गरियो । साथै बेनी नगरपालिकाको आवधिक योजना छपाई तथा प्रकाशनका लागि आवश्यक पर्ने रकम संचित कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** बेनी नगरपालिका बडा नं. १ आनन्द बगर स्थित कालिगण्डकी नदि किनारमा अवैध रुपमा उत्खनन् भएको ढुंगा गिट्टी वालुवाको मूल्याङ्कन गर्न गठित प्राविधिक मूल्याङ्कन समितिको प्रतिवेदन माथि छलफल गरि सो प्रतिवेदनलाई पारित गर्ने र यस अगाडी जिल्ला समन्वय समितिको कार्यालयमा जिल्ला अनुगमन समितिले गरेको निर्णय बमोजिम दोस्रो पटकको लागि दोब्बर दस्तुर जरीमाना लगाई सम्वन्धित व्यक्तिवाट असूल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** जिल्ला आयोजना कार्यान्वयन ईकाई बेनी, म्याग्दीमा दरवन्दि कायम रहि यस बेनी नगरपालिकामा मिति २०७७ साल साउन महिना देखि सेवारत लेखा अधिकृत श्री मिन वहादुर वानियां ज्यूको हाल कार्यरत कार्यालय मिति २०७८/०६/०१ गते देखि खारेज भएतापनि हाल सम्म यस कार्यालयमा निरन्तर रुपमा सेवारत रहेकाले उहाँको योगदानको उच्च कदर गर्दै प्रोत्साहन स्वरुप खाईपाई आएको २ महिना वरावरको रकम प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** वहुक्षेत्रीय पोषणका लागि साझेदारी कार्यक्रम अन्तर्गत विनियोजन भएको रकममा बेनी नगरपालिकाको संचित कोषबाट रु.१,००,०००।—(अक्षरुपी एक लाख रुपैया मात्र) रकम सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** महालेखा परिक्षकको कार्यालबाट बेनी नगरपालिकाको आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन पेश हुन आएकोमा सो प्रतिवेदन माथि छलफल गरि नियमित र असुल उपर गर्नुपर्ने बेरुजु रकमलाई नियमानुसार सम्परिक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** नेत्र ज्योती संघले यस नगरपालिकामा नेत्र सम्वन्धि विभिन्न कार्यक्रम संचालनार्थ आवश्यक रकम माग गरेकोमा उक्त संस्थालाई विविध कार्यक्रम खर्च शिर्षक वाट रु १०००००।— (अक्षरुपी एक लाख रुपैया मात्र) रकम सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** बेनी नगरपालिकामा online payment system को सुरुवात भएकाले सो प्रणाली संचालनका लागि स्थायी लेखा नं. लिनुपर्ने भएकाले स्थायी लेखा नं. लिने निर्णय गरियो ।

**निर्णय नं.१०:** तातोपानी कुण्ड व्यवस्थापन समितिले निर्माण गर्न लागेको प्राकृतिक चिकित्सालयमा भौतिक संरचनाको अभाव देखिएकाले प्राविधिकलाई लागत अनुमान गर्न लगाई सो लागत अनुमान अनुसारको रकम संचित कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।साथै कुण्डमा आउने लाभग्राहिहरुलाइ प्रवेश शुल्कबापत लिइने रकमको २५% रकम मिति २०७८/०४/०१ गतेदेखि नगरपालिकालाइ बुझाउने र नगदी रसिद नगरपालिकाबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालकहरुको थप कार्यविवरण र सेवा सुविधा सम्वन्धमा शिक्षा शाखा, योजना शाखा र लेखा शाखाका प्रतिनिधिहरुको ३ सदस्य समिति गठन गरि सो समितिले १५ दिनभित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** बेनपा ३ मोदिखोला देखि मरेक खानेपानी व्यवस्थापनका लागि संचित कोषबाट खर्च व्यहोर्ने गरि रु २०००००। अक्षररुपि दूइलाख बिनियोजन गर्ने निर्णय गरियो ।